चन्द्रागिरि नगरपालिका

चन्द्रागिरि नगरपालिका

स्थानीय राजपत्र

खण्डः ४ | संख्याः १० | मितिः असार ३१ गते, २०७८

भाग–२

चन्द्रागिरि नगरपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चन्द्रागिरि नगरपालिकाबाट यो राजपत्र प्रकाशन गरिएको छ ।

सम्वत् २०७८ सालको कार्यविधि नं. ४

चन्द्रागिरि नगरपालिकाको निजी उद्यम प्रबर्द्धन, आर्थिक सहायता तथा कार्यक्रम अनुदान सञ्चालन कार्यविधि, २०७८

प्रस्तावना :

चन्द्रागिरि नगरपालिकाको नीति तथा कार्यक्रम बमोजिम प्रबर्द्धन गर्न खोजिएका निजी उद्यम व्यवसायहरूको प्रबर्द्धन गर्न, कार्यक्रमहरू सञ्चालन गर्न तथा लक्षित व्यक्ति तथा संस्थाहरूको सहायताको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (७) र चन्द्रागिरि नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी चन्द्रागिरि नगरकार्यपालिकाको मिति २०७८/०३/३० को बैठकबाट स्वीकृत गरी यो कार्यविधि जारी गरेको छ ।

परिच्छेद - १
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम "चन्द्रागिरि नगरपालिकाको निजी उद्यम प्रबर्द्धन, आर्थिक सहायता तथा कार्यक्रम अनुदान सञ्चालन कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

(ख) **"नगरपालिका"** भन्नाले चन्द्रागिरि नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) **"प्रमुख"** भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिमको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(ङ) **"कार्यपालिका"** भन्नाले नगरकार्यपालिका सम्झनु पर्दछ ।

(च) **"नगरवासी"** भन्नाले नगरपालिकामा स्थायी बसोबास गर्ने व्यक्ति, नगरपालिकाको कर्मचारी, नगरपालिकामा बेवारिसे रुपमा फेला परेका व्यक्तिलाई सम्झनु पर्दछ ।

(छ) **"निजी उद्यम"** भन्नाले नगरपालिकाले स्वीकृत नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रम बमोजिम प्रबर्द्धन गर्न खोजेका उद्यम व्यवसायलाई सम्झनु पर्दछ ।

(ज) **"संरचना"** भन्नाले नगरपालिकाको नीति तथा कार्यक्रम बमोजिम प्रबर्द्धन गर्न खोजिएको उद्यम व्यवसाय सञ्चालन गर्न आवश्यक पर्ने मापदण्ड बमोजिमको संरचना सम्झनु पर्दछ । सो शब्दले विपदबाट क्षति भई पुनर्निर्माण भएका मापदण्ड बमोजिमका निजी आवासलाई समेत जनाउँदछ।

(झ) **"सहायता"** भन्नाले यस कार्यविधिको दफा ६ र ७ बमोजिम प्रदान गरिने सहायतालाई सम्झनु पर्दछ ।

(ञ) **"निर्ब्याजी ऋण"** भन्नाले यस कार्यविधिको दफा ११ बमोजिम बिउपूँजीको रुपमा प्रदान गरिने भविष्यमा साँवा फिर्ता हुने गरी दिइने ऋणलाई सम्झनु पर्दछ ।

(ट) **"घुम्ती कोष"** भन्नाले उद्यम/व्यवसाय सञ्चालन गर्न चाहने नगरवासी लक्षित समूह वा व्यक्तिलाई निर्ब्याजी ऋण दिन र सो ऋण रकम समयबद्ध रुपमा फिर्ता भएपछि जम्मा हुने कोषलाई सम्झनु पर्दछ ।

(ठ) **"लक्षित समूह वा व्यक्ति"** भन्नाले दलित, जनजाति, एकलमहिला, विपन्न, अपांगता भएको व्यक्ति तथा कार्यपालिकाबाट लक्षित समूहमा समावेश गर्न सकिने भनी तोकिएको व्यक्ति सम्झनु पर्दछ ।

(ड) **"अनुदान"** भन्नाले समाजका विभिन्न क्षेत्रको विकासका लागि चन्द्रागिरि नगरपालिकाबाट कुनै व्यक्ति वा संस्थालाई प्रदान गरिने संस्थागत अनुदान, कार्यक्रम अनुदान र पूँजीगत अनुदान समेतलाई जनाउँदछ ।

(ढ) **"कार्यक्रम अनुदान"** भन्नाले लागत अनुमानका आधारमा सम्झौता गरी सम्झौतामा उल्लेख भए अनुसार दिईने आर्थिक तथा प्राविधिक सहयोगलाई जनाउँदछ ।

(ण) **"आर्थिक सहायता"** भन्नाले विपदका समयमा वा संक्रमणको अवस्थामा बिना लागत अनुमान अनुसूची २ बमोजिमका व्यक्ति वा संस्थालाई दिईने सहायतालाई जनाउँदछ ।

(त) **"स्थानीय संघसंस्था"** भन्नाले चन्द्रागिरि नगरपालिकालाई कार्यक्षेत्र बनाई नगरपालिकामा दर्ता भएका संघसंस्थालाई सम्झनु पर्दछ । सो शब्दले नगरपालिकामा यस कार्यविधि बमोजिम सूचीकृत भएको संस्थालाई समेत जनाउँदछ ।

परिच्छेद - २
संरचनात्मक व्यवस्था

३. **संरचनात्मक व्यवस्था :** यस कार्यविधिको उद्देश्य परिपूर्तिको लागि देहाय बमोजिमको संरचनात्मक व्यवस्था रहनेछ ।

(१) निर्देशक समिति : देहाय बमोजिमको नगरपालिकाको कार्यसम्पादन समितिले यस कार्यविधि बमोजिमका कार्यक्रम कार्यान्वयन गर्न निर्देशक

समितिको रुपमा काम गर्नेछ ।

क) नगर प्रमुख	संयोजक
ख) नगर उपप्रमुख	सदस्य
ग) नगर प्रवक्ता	सदस्य
घ) प्रमुख प्रशासकीय अधिकृत	सदस्य
ङ) आर्थिक प्रशासन शाखा प्रमुख	सदस्य

(२) कार्यान्वयन समिति : नगरपालिकाको सम्बन्धित विषयगत समितिले कार्यान्वयन समितिको रुपमा काम गर्नेछ ।

(३) अनुगमन समिति : यस कार्यविधि बमोजिमका कार्यक्रमहरूको समग्र अनुगमनको लागि देहाय बमोजिमको अनुगमन समिति रहनेछ ।

क) नगर उपप्रमुख -	संयोजक
ख) सम्बन्धित विषयगत समितिका संयोजक वा निजले तोकेको समितिको सदस्य -	सदस्य
ग) निर्देशक समितिले तोकेको एकजना कार्यपालिका सदस्य -	सदस्य
घ) सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य -	सदस्य
ङ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी -	सदस्य
च) सम्बन्धित शाखाको शाखा प्रमुख -	सदस्य सचिव

(४) विषयगत शाखा : चन्द्रागिरि नगरपालिकाको कार्यविभाजन नियमावलीले तोकेका आ-आफ्नो क्षेत्रमा विषयगत शाखाहरूले कार्य गर्नेछन् ।

४. **काम, कर्तव्य र अधिकार :** (१) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहायअनुसार हुनेछ ।

क) कार्यान्वयन समितिबाट पेश भएका कार्यक्रमको स्वीकृती गर्ने ।

ख) कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने ।

ग) बाधा अडकाउ फुकाउने ।

(२) कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) प्रस्ताव आह्वान, संकलन र छनौट सम्बन्धी निर्णयहरू गर्ने ।

ख) भुक्तानीका लागि सिफारिस गर्ने ।

ग) अन्य आवश्यक कार्यहरू गर्ने ।

(३) अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) समस्या समाधानका लागि सहजीकरण गर्ने ।

ख) भुक्तानीका लागि सिफारिस गर्ने ।

ग) पृष्ठपोषण दिने ।

(४) विषयगत शाखाहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) चन्द्रागिरि नगरपालिकाको कार्य विभाजन नियमावली बमोजिम शाखालाई तोकिएका कार्यक्षेत्रको विषयमा यस कार्यविधि बमोजिमका कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि आवश्यक सम्पूर्ण कार्यहरू गर्ने ।

ख) निर्देशक समिति र कार्यान्वयन समितिबाट तोकिएका अन्य कार्यहरू गर्ने ।

परिच्छेद-३

निजी उद्यम प्रबर्द्धनका लागि अनुदान तथा सहायता सम्बन्धी मापदण्ड

५. **अनुदान दिन सक्ने :** (१) नगरपालिकाले वार्षिक नीति तथा कार्यक्रम र स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम लक्षित समूहमा पर्ने नगरवासी कुनै व्यक्तिलाई उत्पादनमूलक तथा सेवामूलक व्यवसाय स्थापना र प्रबर्द्धनका लागि आवश्यक संरचना निर्माणमा अनुदान दिन सकिनेछ ।

(२) विपदबाट निजी आवास क्षति भएका विपन्न असहाय व्यक्तिलाई मापदण्ड बमोजिमको भूकम्प प्रतिरोधी निजी आवास निर्माणमा अनुदान दिन सकिनेछ ।

(३) वडा समितिबाट निजी उद्यम प्रवर्द्धनका लागि संरचना निर्माण प्रस्ताव तथा कार्ययोजना स्वीकृत भई नगरपालिकामा पेश भएपश्चात् कार्यान्वयन समितिबाट छनौट पश्चात् निर्देशक समितिबाट स्वीकृत गरी कार्यान्वयन सम्झौता गरिनेछ ।

(४) उपदफा (३) बमोजिम सम्झौता भएका कार्यक्रममध्ये मापदण्ड बमोजिम निर्माण भएका संरचनाहरूलाई अनुदान दिन सकिनेछ ।

(५) अनुदान भुक्तानी गर्नुपूर्व अनुगमन समितिले अनुगमन गरी प्रतिवेदन दिनुपर्नेछ ।

(६) अनुदानको अधिकतम सीमा अनुसूची १ बमोजिम हुनेछ ।

६. **उपचार सहायता दिन सक्ने :** (१) नगरपालिकाले नगरवासी कुनै व्यक्तिलाई जटिल रोग तथा अन्य रोगको उपचार वा अन्य उपयुक्त कारण भएमा निर्देशक समितिले निर्णय गरी सहायता दिन सक्नेछ ।

(२) उपचार तथा अन्य सहायता रकम वितरणको मापदण्ड देहाय बमोजिम हुनेछ ।

क) जटिल रोग लागेमा जटिल रोग उपचार सहायता दिइनेछ ।

ख) विपन्न असहाय नगरवासीलाई दूर्घटना भएमा वा दीर्घरोग तथा अन्य लामो समय उपचार गर्नुपरेमा उपचार सहायता दिइनेछ ।

ग) सामाजिक सुरक्षा भत्ता नपाएको कुनै विपन्न नागरिकले औषधी सेवन गर्न नसकेमा औषधी उपचार सहयोग दिइनेछ ।

(३) एकपटक सहायता प्राप्त गरेको व्यक्तिले दोहोरो सुविधा लिन सक्नेछैन ।

(४) सहायता लिने व्यक्तिहरूको नाम पारदर्शी गरिनेछ ।

(५) उपचार सहायताको अधिकतम सीमा अनुसूची २ बमोजिम हुनेछ ।

७. **सहायता दिन सक्ने :** (१) नगरपालिकाले यस दफा बमोजिमको लक्षित नगरवासी कुनै व्यक्ति वा परिवारलाई आर्थिक सहायता दिन सक्नेछ ।

(२) नगरपालिकाले नगरवासी बाहेकको कुनै व्यक्ति नगरक्षेत्रभित्र अलपत्र

परेको अवस्थामा सम्बन्धित स्थानमा पुग्न लाग्ने गाडीभाडा वापतको रकम सहायता दिन सक्नेछ ।

(३) सहायताको अधिकतम सीमा अनुसूची २ बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिमको सहायता प्राप्त गर्ने लक्षित समूह देहाय अनुसार हुनेछ ।

(क) आर्थिक अवस्था कमजोर भई सामाजिक जीवनयापन सहज बनाउन सहायता आवश्यक भएको,

(ख) आर्थिक अभावले शिक्षामा बाधा परेको,

(ग) एकाघरको परिवार, सहोदर नाता लाग्ने व्यक्ति र कुनै आफन्तजन नभई बेवारिसे अवस्थामा रहेको र अन्यको आश्रय लिनु परेको,

(घ) उल्लेखित (क) र (ग) का व्यक्तिले सामाजिक सुरक्षा भत्ता प्राप्त नगरेको ।

(ङ) प्राकृतिक विपत्ति तथा विपदमा परेका घरबारविहीन व्यक्तिहरू ।

८. **संस्थागत अनुदान दिन सक्ने :** (१) नगरपालिकाले स्थानीय संघसंस्थाले सञ्चालन गर्ने सेवामूलक कार्यक्रमका लागि संस्थागत अनुदान दिन सक्नेछ ।

(२) संस्थागत अनुदानको अधिकतम सीमा अनुसूची २ बमोजिम हुनेछ ।

(३) संस्थागत अनुदान दिन सकिने कार्यक्रमहरूको प्रकृति र भुक्तानी प्रकृया अनुसूची २ बमोजिम हुनेछ ।

९. **मेला, जात्रा, महायज्ञ, महोत्सवलाई सहायता दिन सक्ने :** (१) नगरपालिकामा स्थानीय संघसंस्थाहरूबाट आयोजना हुने स्थानीय उत्पादन र पर्यटनलाई प्रबर्द्धन गर्ने उद्देश्य भएका मेला, जात्रा, महायज्ञ, महोत्सवहरूको लागि नगरपालिकाले सहायता दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सहायताको अधिकतम सीमा अनुसूची २ बमोजिम हुनेछ ।

(३) परम्परागत सांस्कृतिक मेला, जात्राहरूलाई दिइने सहायताको रकम बजेट सीमाभित्र रहने गरी वडा कार्यालयले गरेको सिफारिसको आधारमा निर्देशक समितिबाट निर्णय गरी उपलब्ध गराइनेछ ।

(४) नगरकार्यपालिकाले आफैं मुख्य आयोजक हुने गरी आयोजना गरेको बाहेक अन्य आयोजकबाट राखिएका मेला, जात्रा, महायज्ञ, महोत्सवमा नगरपालिका सहआयोजकमा बस्नेछैन ।

१०. छात्रवृत्ति दिन सक्ने : (१) नगरपालिकाले उच्च शिक्षा अध्ययनरत नगरवासी लोपोन्मुख समुदायका महिला पुरुष दुवै र विपन्न महिलालाई रु ५०००।- छात्रवृत्ति उपलब्ध गराउन सक्नेछ ।

(२) अध्ययन अनुसन्धान गर्ने नगरवासीलाई रु ५०००।- छात्रवृत्ति उपलब्ध गराउन सक्नेछ ।

(३) चन्द्रागिरि नगरपालिका क्षेत्रभित्रको पुरातात्विक, ऐतिहासिक, सांस्कृतिक, पर्यावरणीय, पर्यटकीय, औद्योगिक, सामाजिक, आर्थिक विषयको अध्ययन अनुसन्धान गरी सन्तोषजनक अनुसन्धान प्रतिवेदन पेश गर्ने अनुसन्धाता संस्थालाई रु ५०,०००।- र व्यक्तिलाई रु ४०,०००।- एकमुष्ठ वृत्ति उपलब्ध गराउन सकिनेछ ।

(३) छात्रवृत्ति माग गर्ने व्यक्तिले आफुले अध्ययन गरिरहेको वा अनुसन्धान गरिरहेको तह र विषयको भर्ना तथा अघिल्लो सेमेष्टर वा वर्षको उत्तीर्ण भएको प्रमाण पेश गर्नुपर्नेछ ।

१२. निर्ब्याजी ऋण दिन वा ब्याज अनुदान दिन सक्ने : (१) नगरपालिकाले लक्षित समूहमा पर्ने नगरवासी कुनै व्यक्तिलाई तोकिएको उत्पादनमूलक वा सेवामूलक व्यवसाय सञ्चालन गर्न समयबद्धरुपमा साँवा फिर्ता हुने गरी निर्ब्याजी ऋण दिन वा ऋणमा ब्याज भुक्तानी गर्न सक्नेछ ।

(२) समयबद्धरुपमा साँवा फिर्ता हुने गरी निर्ब्याजी ऋण दिन वा ऋणमा ब्याजअनुदान भुक्तानी गर्ने कार्यका लागि नगरपालिकाले कुनै वित्तीय संस्था वा सहकारी संस्थासँग सम्झौता गरी कार्यान्वयन गराउन सक्नेछ ।

(३) ऋणको अधिकतम सीमा अनुसूची ३ बमोजिम हुनेछ ।

१२. स्थानीय मिडियाहरूलाई सहयोग गर्न सक्ने : (१) नगरपालिकाले स्थानीय संचार क्षेत्रको प्रबर्द्धनको लागि वार्षिक नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रमबमोजिम मिडियाहरूलाई सहयोग गर्न सक्नेछ ।

(२) नगरपालिकालाई आवश्यक परेको खण्डमा आफ्नो सूचना जुनसुकै पत्रिकामा प्रकाशन गर्न र सम्झौताबमोजिम सोको रकम भुक्तानी गर्न सक्नेछ।

(३) नगरपालिकाले विभिन्न गतिविधिहरूका वृत्तचित्र तयार गरी कुनै टेलिभिजनसँग सम्झौता गरी प्रशारण गराउन सक्नेछ।

(४) नगरपालिकाले स्थानीय व्यवसायिक, पर्यटकीय वा सांस्कृतिक सम्पदा आदि सम्बद्ध प्रबर्द्धनात्मक सूचना सामग्री प्रशारण गराउन सक्नेछ।

(५) नगरपालिकासँग कुनै शुभकामना वा विज्ञापन माग गर्न आउने मिडियाहरूलाई शुभकामना वा विज्ञापन उपलब्ध गराई सो वापतको रकम भुक्तानी गर्न सक्नेछ।

(६) सहयोगको अधिकतम सीमा अनुसूची ४ बमोजिम हुनेछ।

१३. तालिमबापतको अनुदान दिन सक्ने : (१) नगरपालिकाले वार्षिक नीति तथा कार्यक्रम र स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम लक्षित समूहमा पर्ने नगरवासी कुनै व्यक्तिलाई उत्पादनमूलक तथा सेवामूलक सीप प्रबर्द्धनका लागि आवश्यक तालिम लिन अनुदान दिन सक्नेछ।

(२) वडा समितिबाट उत्पादनमूलक तथा सेवामूलक सीप विकासका लागि तालिम लिन इच्छुक व्यक्तिहरूको नामावली सहितको प्रस्ताव तथा कार्ययोजना स्वीकृत भई नगरपालिकामा पेश भएपश्चात् कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयन सम्झौता गरिनेछ।

(३) स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम बमोजिम सम्झौता भई मापदण्ड बमोजिमको तालिम प्रदायक संस्थासँग तालिम सञ्चालन सम्झौता गर्न सकिनेछ।

(४) अनुदान भुक्तानी गर्नुपूर्व तालिम सम्पन्नताको प्रमाणपत्र पेश गर्नुपर्नेछ।

(५) तालिम अनुदानको अधिकतम सीमा अनुसूची ५ बमोजिम हुनेछ।

१४. खेलकूद क्षेत्रको प्रबर्द्धन गर्न सक्ने : (१) नगरपालिकाले खेलकूद क्षेत्रको विकासका लागि खेलकूद आयोजक क्लब र सहभागी खेलाडीहरूलाई सहायता दिन सक्नेछ।

(२) प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतियोगिताका स्वर्णपदक विजेता टिम वा खेलाडीलाई निर्देशक समितिले निर्णय गरी पुरस्कृत गर्न सक्नेछ। पुरस्कारको अधिकतम सीमा सहायताको सीमाभन्दा बढी हुनेछैन ।

(३) खेलकूद क्षेत्रमा गरिने सहायताको अधिकतम सीमा अनुसूची ६ बमोजिम हुनेछ ।

१५. सेवा प्रदायक संघसंस्थासँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गराउन सक्ने : (१) नगरपालिकाले आफ्नो नीति कार्यक्रम तथा बजेटबाट व्यवस्था भए बमोजिमका प्राथमिकताप्राप्त कार्यक्रमहरू सेवा प्रदायक संघसंस्थासँग सम्झौता गरी कार्यान्वयन गराउन सक्नेछ ।

(२) नगरपालिकाले कार्यान्वयन गर्ने कार्यक्रमहरूको प्राथमिकताका क्षेत्रहरू सामान्यतया देहाय बमोजिम हुनेछ ।

(क) महिला, दलित, आदिवासी जनजाती र पिछडिएका समुदायहरूसँग सम्बन्धित आयमूलक, सीपमूलक, रोजगारी सिर्जना एवं क्षमता विकास गर्ने कार्यक्रमहरू,

(ख) जनचेतनामूलक तथा साक्षरतामूलक कार्यक्रमहरू,

(ग) सम्पदा संरक्षण र पर्यटन विकास सम्बन्धी कार्यक्रमहरू,

(घ) वातावरण संरक्षण, संवर्द्धन र विकास सम्बन्धी कार्यक्रमहरू,

(ङ) विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्यक्रमहरू,

(च) समुदायमा आधारित सहभागितामूलक कार्यक्रमहरू,

(छ) शहरी गरिबी न्युनीकरणमा सहयोग पुऱ्याउने कार्यक्रमहरू,

(ज) बाल विकास, बालश्रम उन्मूलन, बालस्वास्थ्य, बालशिक्षा, बालअधिकार, बालमनोविज्ञान सम्बन्धी कार्यक्रमहरू,

(झ) खेलकूद विकाससँग सम्बन्धित कार्यक्रमहरू,

(ञ) स्थानीय टोल, समुदायको क्षमता विकास, जनचेतना अभिवृद्धि, पूर्वाधार विकास, सामाजिक परिचालन एवं सहभागितामूलक कार्यक्रमहरू,

(ट) स्थानीय श्रोत र साधन परिचालन हुने कार्यक्रमहरू,

(ठ) कर्मचारीहरूको स्वास्थ्यमा सुधार गर्ने कार्यक्रमहरू,

(ड) नेपाल सरकार र नगरपालिकाको उद्देश्य हासिल गर्न सहयोग पुऱ्याउने कार्यक्रमहरू,

(ढ) दिगो विकास लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने कार्यक्रमहरू,

(ण) कार्यसम्पादन मूल्याङ्कनमा सहयोग पुऱ्याउने कार्यक्रमहरू,

(त) आर्थिक सहायताको हकमा (व्यक्तिगत)

(अ) अशक्त विरामी,

(आ) अपाङ्ग,

(इ) बृद्ध, बृद्धा,

(ई) बेखर्ची व्यक्ति/व्यक्तिहरू,

(उ) छात्रवृत्ति,

(ऊ) प्राकृतिक विपत्ति तथा विपद्मा परेका व्यक्ति/व्यक्तिहरू,

(ए) नगरपालिकाका कर्मचारी जसलाई जटिल रोग लागी स्वास्थ्य उपचार गर्नु परेमा ।

(३) नगरपालिकाले सेवा प्रदायक संघसंस्थामार्फत कार्यक्रमहरू कार्यान्वयन गर्दा नगरपालिकाको खर्च सम्बन्धी नर्म्स अनुकूल हुने गरी प्रस्तावनामा पेश भए बमोजिम सेवा प्रदायक संघसंस्थासँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गराउन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि नगरपालिकाले सेवा प्रदायक संघसंस्थाहरूको सूची दर्ता गरी रोष्टर तयार गरी राख्नुपर्नेछ ।

(५) संघसंस्थाको रोष्टर तयार गर्ने प्रयोजनको लागि सूची दर्ता गर्ने प्रकृया अनुसूची १० बमोजिम हुनेछ ।

१६. **कार्यान्वयन प्रकृया :** (१) नगरपालिकाले सेवा प्रदायक संघसंस्थामार्फत कार्यक्रमहरू कार्यान्वयन गर्दा प्रतिस्पर्धाको सीमितता हुने गरी सम्झौता गरिनेछैन । कुनै पनि कार्यक्रम कार्यान्वयन गर्दा सार्वजनिक सूचना जारी गरी रोष्टरमा सूचीकृत संघसंस्थाहरूमध्येबाट प्रतिस्पर्धा गराई गर्नुपर्नेछ ।

(२) कार्यान्वयन प्रकृया देहायअनुसार हुनेछ ।

क) सार्वजनिक सूचना जारी गरी प्रस्ताव माग गर्ने :

नगरपालिकाले सूचीकृत संस्थाहरूबाट प्रस्ताव माग गर्न सक्नेछ । त्यस्तो सूचना जारी गर्दा सार्वजनिक खरिद ऐन र नियमावलीले तोकेका शर्तबन्देजमा संकुचन नहुने गरी गर्नुपर्नेछ । प्रस्ताव र निवेदनको ढाँचा अनुसूची ७ बमोजिम हुनेछ ।

ख) संस्थागत/कार्यक्रम प्रस्ताव पेश गर्ने :

नगरपालिकाबाट सार्वजनिक सूचना जारी भएपछि संस्थाहरूले सूचनामा उल्लेखित आफूले कार्यान्वयन गर्न चाहेको कुनै वा सबै कार्यक्रम कार्यान्वयन गर्न देहायबमोजिम कागजातसहित प्रस्ताव पेश गर्नुपर्नेछ ।

प्रस्तावका साथमा पेश गर्नुपर्ने आवश्यक कागजातहरू :

१) निर्धारित ढाँचाको प्रस्तावसहितको निवेदन प्रति ।

२) संस्था-दर्ता प्रमाणपत्रको प्रतिलिपि नवीकरणसहित ।

३) आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपि नवीकरणसहित ।

४) संस्थाको विधानको प्रतिलिपि ।

५) लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि ।

६) संस्थाको संचालक समितिको बैठकको निर्णय प्रतिलिपि ।

७) वडाले कार्यक्रम उपयुक्त छ भनी गरेको सिफारिसको सक्कलै पत्र ।

८) अघिल्लो वर्षमा (यदि लिएको भए) प्राप्त गरेको सहयोग रकम र सोबाट भएको उपलब्धी, खर्चको विवरण सम्बन्धित पदाधिकारीले प्रमाणित गरी पेश गर्नुपर्ने ।

९) चन्द्रागिरि नगरपालिकामा सूचीकृत भएको प्रतिलिपि

१०) सञ्चालन गरिने बार्षिक वा पटके कार्यक्रमको विस्तृत विवरण ।

११) संस्थाको गत वर्षको आय-व्यय विवरण ।

१२) आर्थिक वर्षमा सञ्चालन गर्ने कार्यक्रमहरूको विवरण ।

१४) संस्थाको कार्य समिति सदस्यहरूको विवरण ।

ग) प्रस्ताव छनौट तथा स्वीकृति :

प्रस्ताव प्राप्त भएपछि सम्बन्धित शाखाले प्रस्ताव छनौटका लागि देहाय बमोजिम छनौट प्रकृया गर्नेछ :

(१) प्रस्तावको साथमा तोके बमोजिमका कागजातहरू भए/नभएको।

(२) प्रस्तावमा सहयोग वा सहकार्य गर्न माग गरेको कार्यक्रमको हकमा निम्न कुराहरू स्पष्ट भएको हुनुपर्ने :

(क) कार्यक्रममा सहकार्य गर्ने संस्था तथा निकायहरू ।

(ख) कार्यक्रम सञ्चालन गर्न विभिन्न संस्था तथा निकायहरूबाट ब्यहोरिने रकमहरू ।

(३) उल्लेखित विवरणहरू पूरा भएपछि सम्बन्धित शाखाबाट संस्थाको कार्यालय तथा कार्यक्रम सञ्चालनस्थलको निरीक्षण गर्न सक्नेछ । निरीक्षणका क्रममा निरीक्षणकर्ताले संस्थाको भौतिक स्रोत साधन, जनशक्ति तथा क्षमता सम्बन्धमासमेत अध्ययन गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(४) सम्बन्धित शाखाले संस्थाको निरीक्षण गरी सोको प्रतिवेदन प्रस्ताव साथ संलग्न गरी सो प्रस्ताव सिफारिससहित अधिकार प्राप्त अधिकारीसमक्ष पेश गर्नुपर्नेछ ।

(५) माथि जेसुकै लेखिएको भएता पनि प्रस्ताव स्वीकृत गर्ने नगर्ने अधिकार नगरपालिकामा निहित रहनेछ ।

(६) प्रस्ताव छनौट भई स्वीकृत भएपश्चात् सम्बन्धित संस्था र नगरपालिकाबीच सम्झौता गर्नुपर्नेछ । सम्झौताको नमूना अनुसूची ८ बमोजिम हुनेछ । सम्झौता भएपश्चात् संस्थाले सम्झौतामा उल्लेखित बुँदा बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । तर ५ (पाँच) हजार रुपैयाँ भन्दा कम अनुदान रकम र आर्थिक सहायता रकमको लागि सम्झौता गर्नुपर्ने छैन ।

१७. घुम्ती कोष खडा गर्न सक्ने : (१) नगरकार्यपालिकाले निर्णय गरी आवश्यकताको आधारमा बिउपूँजी उपलब्ध गराउनको लागि घुम्ती कोष खडा गर्न सक्नेछ ।

१८. दोहोरो लाभ लिन नसक्ने : नगरपालिकाबाट कुनै व्यक्ति वा संस्थाले एक आर्थिक वर्षमा कार्यविधिमा उल्लेखित कुनै एक प्रकारको सहायता लिएको भएमा सोही प्रकृतिको सुविधा लिन पाइनेछैन ।

परिच्छेद – ४
भुक्तानी प्रकृया

१९. अनुदान तथा सहायता भुक्तानी प्रकृया : अनुदान तथा सहायताको भुक्तानी प्रकृया देहाय बमोजिम हुनेछ ।

१) कार्यविधिको दफा ६ र ७ बमोजिमको अनुदान तथा सहायता माग गर्ने व्यक्तिले देहायबमोजिमका कागजात साथै राखी नगरपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

क) नागरिकताको प्रतिलिपी, आवश्यकताअनुसार वडा कार्यालयको सिफारिस ।

ख) उपचारको हकमा अस्पतालले चेकजाँच गरेको कागजात समेत ।

ग) प्राकृतिक विपत्ति तथा विपद्को हकमा प्रहरी सर्जमिन मुचुल्का समेत ।

घ) कुनै व्यवसाय गर्न चाहने व्यक्ति वा संस्थाले लाग्ने खर्चको मूल्यांकनसहितका कागजातहरू ।

ङ) संस्थागतको हकमा अनुसूची १० बमोजिमका कागजातसहित सूची दर्ता गराई निवेदन पेश गर्नुपर्नेछ ।

२) संघ/संगठनको हकमा आधिकारिक पत्र ।

३) सहायता रकम चेक मार्फत उपलव्ध गराउनुपर्नेछ ।

२०. संस्थागत वा कार्यक्रमको लागि अनुदान रकमको भुक्तानी प्रक्रिया : (१) संस्थाले सम्झौता अनुसारको कामको प्रगतिको आधारमा भुक्तानी माग गर्न सक्नेछ ।

(२) संस्थाले सम्पन्न गरेको कामको अनुगमन र मूल्यांकन प्रतिवेदन प्राप्त भएपछि भुक्तानीको लागि सिफारिस गरिनेछ । अनुगमन प्रतिवेदनको नमूना अनुसूची ९ बमोजिम हुनेछ ।

(३) संस्थालाई उपलब्ध गराउने रकम एकाउन्ट पेयी चेक मार्फत हुनेछ ।

(४) दश हजार रुपैयाँसम्मको सहयोग संस्थालाई पूरै कार्यसम्पन्नता पश्चात् उपलब्ध गराइनेछ र सो भन्दाबढीको हकमा सम्झौतामा उल्लेख गरिए अनुसार कार्यसम्पन्नताको आधारमा किस्ताबन्दीमा उपलब्ध गराइनेछ ।

(५) पच्चीस हजार रुपैयाँसम्मको संस्थागत वा कार्यक्रम अनुदान संस्थालाई उपलब्ध गराउँदा कार्यसम्पन्नताको आधारमा एकमुष्ठ उपलब्ध गराउन सकिनेछ । तर, कार्यक्रम स्वीकृती, संस्था छनौट र कार्यादेश नभएको हकमा भुक्तानी हुनेछैन ।

(६) सम्झौता अनुसारको कार्य नभएमा बाँकी रकम उपलब्ध गराइनेछैन र सो सम्झौता गर्ने संस्थाहरूबाट अनुदानबापत उपलब्ध गराइएको रकम सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

(७) प्रगति विवरण पेश नगर्ने संस्थालाई पुनः संस्थागत तथा कार्यक्रम सहयोग उपलब्ध गराइनेछैन ।

(८) माथि जुनसुकै लेखिएको भएतापनि व्यक्तिगत आर्थिक सहायता रकम बढीमा रु ३०००/- सम्म हुनेछ र उक्त रकम निवेदनको आधारमा अवस्था हेरी उपलव्ध गराउन सकिनेछ । आर्थिक सहायता उपलब्ध गराउने वा नगराउने अधिकार चन्द्रागिरि नगरपालिकामा निहित रहनेछ ।

(९) यस कार्यविधिमा तोकिए विपरित अनुदान वितरण गरिएमा, त्यस्तो आदेश दिने, आदेश दिन सिफारिस र सहयोग गर्ने एवं भुक्तानी दिने कर्मचारी तथा पदाधिकारीबाट असुल उपर गरिनेछ ।

परिच्छेद - ५

विविध

२१. सम्बन्धित विषयगत शाखाले कार्य गर्ने : (१) यस कार्यविधिबमोजिम कार्यान्वयन गरिने कार्यक्रमहरू कार्यान्वयन गर्दा नगरपालिकाको कार्यविभाजन नियमावलीले तोकेको कामका सम्बन्धमा सोही बमोजिमको विषयगत समितिसँग समन्वय गरी सम्बन्धित विषयगत शाखाले कार्यान्वयनका प्रकृया सञ्चालन गर्नेछ ।

(२) एकभन्दा बढी विषयगत शाखाको कार्यसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन गर्नुपरेको अवस्थामा प्रमुख कार्यसँग सम्बन्धित विषयगत शाखाले कार्यान्वयन प्रकृया आरम्भ गरी अन्य विषयगत शाखासँगको समन्वयमा कार्यान्वयन गर्नुपर्नेछ । त्यसरी समन्वयमा कार्यान्वयन गरिएको अवस्थामा कार्य सम्पन्नता पश्चात् भुक्तानी पूर्व ती विषयगत शाखाहरूको अनिवार्यरुपमा राय लिनुपर्नेछ ।

२२. कार्यविधिको संशोधन : यो कार्यविधिको संशोधन नगरकार्यपालिकाले गर्न सक्नेछ ।

२३. बाधा अड्काउ फुकाउने : यो कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा निर्देशक समितिले बाधा अड्काउ फुकाउने आदेश दिई अनुमोदनको लागि नगरकार्यपालिकामा पेश गर्न सक्नेछ ।

अनुसूची १
(दफा ५ सँग सम्बन्धित)
उत्पादनमूलक तथा सेवामूलक व्यवसाय प्रबर्द्धन तथा निजी संरचना निर्माणमा अनुदान

१. होमस्टे व्यवसाय प्रबर्द्धनका लागि निम्न कार्यमा निम्न अनुदान दिन सकिनेछ :

क)	शौचालय प्यान र टायल जडित निर्माण गरेमा	रु २०,०००।-
ख)	शौचालय प्यान र टायल जडित बाथरुम सहितको निर्माण गरेमा	रु ३०,०००।-
ग)	शौचालय कमोड र टायल जडित बाथरुम सहितको निर्माण गरेमा	रु ५०,०००।-
घ)	बेडरुम २ बेड सहितको १ कोठा (न्यूनतम मापदण्ड पूरा भएको) तयार गरेमा	रु ५०,०००।-
ङ)	बेडरुमका लागि नयाँ कोठा निर्माण गर्नुपरेमा १ कोठा निर्माणको लागि	रु १,००,०००।-

नोट : उपरोक्त बमोजिम होमस्टे व्यवसाय आरम्भ गर्नको लागि १ घरले बढीमा रु २ लाख सम्म अनुदान लिन सक्नेछ ।

२. विपन्न असहाय व्यक्तिका लागि निजी आवास पुनर्निर्माणमा देहायअनुसार अनुदान दिन सकिनेछ :

क. अधिकतम अनुदानको सीमा रु ३,००,०००।- हुनेछ ।

ख. निजी आवासको लागत रु ४ लाखभन्दा कम रहेको मूल्यांकन भएमा मूल्यांकन रकमको ७० प्रतिशतसम्म मात्र अनुदान दिइनेछ ।

ग. मापदण्ड अनुसारको भवन निर्माण नभएको भनी अनुगमन प्रतिवेदन प्राप्त भएमा अनुदान दिइनेछैन ।

घ. अन्य कुनै सरकारी निकायबाट निजी आवास पुनर्निर्माण वापतको अनुदान लिईसकेको भएमा यस कार्यविधि बमोजिमको अनुदान लिन सक्ने छैन । तर, त्यस्तो निकायबाट रु ३ लाख भन्दा कम अनुदान प्राप्त गरेको र मूल्यांकनको ७० प्रतिशत रकम रु ३ लाख भन्दा बढी कायम भएको हकमा रु ३ लाख नपुग भएको बराबर रकम यस कार्यविधि बमोजिम अनुदान दिन सकिनेछ ।

३. कृषि कार्यक्रमतर्फ देहाय बमोजिम अनुदान सहायता दिन सकिनेछ :

(१) अनुदानको अधिकतम सीमा :

क. व्यक्तिगत फार्म : ५ रोपनीसम्म जग्गामा खेती गर्ने साना किसानको हकमा बढीमा रु २५,०००।- बराबरको सहायता दिन सकिनेछ ।

ख. समूह : ५ रोपनी देखि १० रोपनीसम्म जग्गामा खेती गर्ने किसान समूहलाई बढीमा रु ५०,०००।- बराबरको सहायता दिन सकिनेछ ।

ग. समूह/सहकारी : १० रोपनीभन्दा बढी जग्गामा खेती गर्ने समूह/सहकारीलाई बढीमा रु १,००,०००।- बराबरको सहायता दिन सकिनेछ ।

(२) अनुदानका क्षेत्रहरू :

क. प्लाष्टिक टनेलमा ५० प्रतिशतसम्म अनुदान दिन सकिनेछ ।

ख. हाते ट्रयाक्टरको लागि ५० प्रतिशतसम्म अनुदान दिन सकिनेछ ।

ग. बिउ उमार्नको लागि प्लाष्टिक ट्रे बस्तुगत अनुदानको रुपमा उपलब्ध गराइनेछ ।

घ. मौरी गोला सहितको घार ५० प्रतिशतसम्म अनुदान दिइनेछ ।

ङ. कृषि चुन, फेरोमोन ट्रयाप, बिउ, रासायनिक विषादि तथा जैविक मल तथा विषादि निःशुल्क उपलब्ध गराइनेछ ।

च. अनुदान वितरण गर्दा फर्म सञ्चालनको निरन्तरताको समेत मूल्यांकन गरिनेछ । पुरानो निरन्तर सञ्चालन भएको फर्मलाई प्राथमिकता दिइनेछ ।

छ. कौसी खेतीको लागि लागतको ७० प्रतिशत वा बढीमा २५,०००।- सम्म अनुदान दिइनेछ ।

ज. अनुदानको मागको लागि सार्वजनिक सूचनाबाट आह्वान गर्नुपर्नेछ । प्रतिस्पर्धामा संकुचन हुने गरी अनुदान वितरण गर्न पाइनेछैन ।

झ. वस्तुगत अनुदानको हकमा सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम खरिद गर्नुपर्नेछ ।

(३) कृषि सम्बन्धी अनुदान लिन आवश्यक कागजातहरू :

क. निवेदन

ख. नागरिकताको प्रतिलिपि

ग. कृषि विकास शाखामा फर्म दर्ता भएको प्रमाणपत्र र नवीकरणको प्रतिलिपि

घ. जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि

ङ. जग्गा भाडामा लिएर फार्म सञ्चालन भएको भएमा भाडा सम्झौता र भाडा कर तिरेको प्रमाण ।

च. समूह, सहकारी, व्यक्तिको नामको प्यान दर्ताको प्रमाणपत्रको प्रतिलिपि

४. पशुपालन कार्यक्रमतर्फ देहाय बमोजिम अनुदान सहायता दिन सकिनेछ :

(१) अनुदानको अधिकतम सीमा :

व्यक्तिगत र समूह फार्म : गाई/भैंसी, भेडा/बाखा र कुखुरा फार्म

क. साना फार्मको लागि प्रति फार्म रु ५०,०००।- सम्मको सहायता दिन सकिनेछ ।

ख. मझौला फार्मको लागि प्रति फार्म रु १,००,०००।- सम्मको सहायता दिन सकिनेछ ।

ग. ठूला फार्मको लागि प्रति फार्म रु २,००,०००।- सम्मको सहायता दिन सकिनेछ ।

सहकारी फार्म :

क. दुध उत्पादन सहकारी संस्थालाई प्रति सहकारी रु ५,००,०००।- सम्मको सहायता दिन सकिनेछ ।

ख. पशुपालन सहकारी संस्थालाई प्रति संस्था रु २,००,०००।- सम्मको सहायता दिन सकिनेछ ।

(२) अनुदानका क्षेत्रहरू :

क. काउम्याटमा ५० प्रतिशतसम्म अनुदान दिन सकिनेछ ।

ख. ह्वीलब्यरोमा ५० प्रतिशतसम्म अनुदान दिन सकिनेछ ।

ग. घाँस काट्ने मेसिन (च्याप कटर) मा ५० प्रतिशतसम्म अनुदान दिन सकिनेछ ।

घ. ह्याचरी मेसिनमा ५० प्रतिशतसम्म अनुदान दिन सकिनेछ ।

ङ. डि फ्रिजमा ५० प्रतिशतसम्म अनुदान दिन सकिनेछ ।

च. दुध डेरीका लजिस्टिक सामानहरू - मिल्क क्यान, चिलिङ भ्याट, फ्याट निकाल्ने मेसिन, प्याकेजिङ मेसिन लगायत अन्यमा ५० प्रतिशतसम्म अनुदान दिन सकिनेछ ।

छ. दुध दुहुने मेसिनमा ५० प्रतिशतसम्म अनुदान दिन सकिनेछ ।

ज. बधशाला निर्माण तथा मर्मत सुधारको लागि २५ प्रतिशतसम्म अनुदान दिन सकिनेछ ।

झ. पशुपंक्षीपालन कृषक, समूह र सहकारीको लागि माइनर सर्जिकल, मेडिकल उपचार सेवा, गाइनोकोलोजिकल उपचार र आन्तरिक तथा बाह्य परजीवीको लागि औषधी उपचार निःशुल्क दिन सकिनेछ ।

ञ. पशुपंक्षीलाई आहाराको रुपमा प्रयोग गरिने हिउँदे तथा वर्षे घाँसको बिउ निःशुल्क दिइनेछ ।

ट. अनुदान वितरण गर्दा फार्मको मूल्यांकन गरी वितरण गरिनेछ । पुरानो निरन्तर सञ्चालन भएको र यसपूर्व अनुदान नपाएको फार्मलाई प्राथमिकता दिइनेछ ।

ठ. अनुदानको मागको लागि सार्वजनिक सूचनाबाट आह्वान गर्नुपर्नेछ । प्रतिस्पर्धामा संकुचन हुने गरी अनुदान वितरण गर्न पाइनेछैन ।

ड. वस्तुगत अनुदानको हकमा सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम खरिद गर्नुपर्नेछ ।

(३) पशुपालन सम्बन्धी अनुदान लिन आवश्यक कागजातहरू :

क. निवेदन ।

ख. नागरिकताको प्रतिलिपि ।

ग. पशु सेवा शाखामा फर्म दर्ता भएको प्रमाणपत्र र नवीकरणको प्रतिलिपि ।

घ. जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि ।

ङ. जग्गा भाडामा लिएर फार्म सञ्चालन भएको भएमा भाडा सम्झौता र भाडा कर तिरेको प्रमाण ।

च. समूह, सहकारी, व्यक्तिको नामको प्यान दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।

अनुसूची २

(दफा ६, ७, ८, ९ सँग सम्बन्धित)

उपचार तथा अन्य सहायता

१. औषधी उपचार तथा अन्य सहायता रकमको अधिकतम सीमा :

क)	नगरवासीलाई जटिल रोग उपचारको लागि निर्देशक समितिले	रु २५,०००।- सम्म ।
ख)	नगरवासीलाई अन्य रोग उपचारको लागि निर्देशक समितिले	रु १०,०००।- सम्म ।
ग)	अतिविपन्न असहाय व्यक्तिको लागि मृत्यु संस्कार गर्न निर्देशक समितिले	रु १०,०००।- सम्म ।
घ)	नगर प्रमुखले	रु ३,०००।- सम्म ।
ङ)	वडा अध्यक्षले	रु २,०००।- सम्म ।
च)	प्रमुख प्रशासकीय अधिकृतले	रु १,५००।- सम्म ।
छ)	नगरवासीबाहेकको व्यक्ति अलपत्र परेमा गाडी भाडा वापत दुरी हेरी बढीमा	रु १,५००।- सम्म ।

२. औषधी उपचारको लागि सहयोग उपलव्ध गराउने प्रकृया :

(क) सम्बन्धित व्यक्ति वा निजको अभिभावक वा निजको संरक्षकको निवेदन ।

(ख) निवेदन साथ सम्बन्धित अस्पताल, नर्सिङ होम वा स्वास्थ्य क्लिनिक वा जाँच गर्ने डाक्टरले जाँच गरेको प्रमाणको प्रतिलिपि ।

(ग) सम्बन्धित डाक्टरले उपचारको लागि लेखी दिएको औषधीहरूको विवरण र सो खरिदको लागि अनुमानित लाग्ने खर्चको विवरण ।

(घ) जटिल रोग लागि अपरेशन गर्नुपर्ने, कुनै अङ्ग फेर्नुपर्ने वा उपचारको लागि धेरै खर्च लाग्ने भएमा मेडिकल बोर्डको सिफारिस पेश गर्नु पर्नेछ ।

(ङ) औषधी उपचार सहयोग उपलव्ध गराउँदा चन्द्रागिरि नगरपालिका स्वास्थ्य शाखाको राय एवं सिफारिसबमोजिम गरिनेछ । विशेष परिस्थितिमा बाहेक नगद सहयोग नदिई औषधी वा उपचारका उपकरणहरू स्वास्थ्य शाखाले उपलव्ध गराउनेछ ।

३. मेला, जात्रा, महायज्ञ, महोत्सवको लागि दिइने सहायताको अधिकतम सीमा :

(क) नगरस्तरीय मेला, जात्रा, महोत्सव	रु ५०,०००।- सम्म
(ख) वडा स्तरीय मेला, जात्रा, महोत्सव	रु ३०,०००।- सम्म
(ग) सार्वजनिक संस्थाले सामाजिक विकासको उद्देश्यले गरिने महायज्ञको लागि मात्र पूर्वाधार निर्माणको काममा खर्च हुने गरी	रु १,००,०००।- सम्म

४. संस्थागत अनुदानको अधिकतम सीमा :

(क) १ देखि २ दिने कार्यक्रम	रु २,०००।-
(ख) ३ देखि ७ दिने कार्यक्रम	रु ५,०००।-
(ग) ८ दिन भन्दा लामो अवधिको कार्यक्रम	रु १०,०००।-

५. संस्थागत अनुदान दिन सकिने कार्यक्रमको प्रकृति :

(क) जु.रे.स., यु.रे.स., स्काउट जस्ता संस्थाले विभिन्न मेला, जात्रामा गर्ने स्वयंसेवाका कार्यक्रमहरू ।

(ख) रक्तदान जस्ता मानवीय सेवाका कार्यक्रमहरू ।

(ग) विभिन्न मेला, जात्रा अगाडि र पछाडि गरिने सरसफाइका कार्यक्रमहरू ।

(घ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवस मनाउने कार्यक्रमहरू ।

(ङ) जनचेतनामूलक अभियानका कार्यक्रमहरू ।

(च) उपर्युक्त प्रकृतिसँग मिल्दाजुल्दा अन्य कार्यक्रमहरू ।

अनुसूची ३

(दफा ११ सँग सम्बन्धित)

निर्ब्याजी ऋण (बिऊ पूँजी) वा ब्याज अनुदान दिन सकिने सीमा

उद्यम (पसल वा वर्कसप वा उद्योग) स्थापना गर्न बिउ पूँजीको रुपमा निर्ब्याजी ऋणको अधिकतम सीमा :

क)	सिलाईकटाई उद्यम स्थापना	रु ५०,०००।- सम्म ।
ख)	खेलौना निर्माण उद्यम स्थापना	रु ५०,०००।- सम्म ।
ग)	होटेल वा रेस्टुरेन्ट स्थापना	रु १,००,०००।- सम्म ।
घ)	अटोरिक्सा, रिक्सा, ट्याक्सी सेवा सञ्चालन	रु २,००,०००।- सम्म ।
ङ)	होमस्टे सेवा सञ्चालन	रु १,००,०००।- सम्म ।
च)	अन्य उद्यम स्थापना (लागत हेरी)	रु १,००,०००।- सम्म ।

नोट: निर्ब्याजी ऋणको फिर्ता अवधि रु ५० हजारसम्मको १ वर्षसम्म, रु १ लाखसम्मको २ वर्षसम्म र सो भन्दा बढीको हकमा ५ वर्षसम्म हुनेछ ।

अनुसूची ४
(दफा १२ सँग सम्बन्धित)
संचार मिडियाका लागि अधिकतम सीमा :

(१) नगरपालिकाको वृत्तचित्र तयार गरी प्रशारण गर्न बढीमा रु ५०,०००।-

(२) शुभकामना वा विज्ञापन सहायता वापतः

(क) टेलिभिजन वार्षिक बढीमा रु १०,०००।-

(ख) अन्य मिडिया वार्षिक बढीमा रु ५,०००।-

(३) एक वडाबाट एक आ.व.मा रु २५,०००।- भन्दा बढी मिडिया क्षेत्रमा खर्च हुने छैन ।

(४) नगरकार्यपालिकाको कार्यालयबाट एक आ.व.मा रु ५,००,०००।- भन्दा बढी मिडिया क्षेत्रमा खर्च हुने छैन ।

(५) मिडियालाई शुभकामना वा विज्ञापन सहायता उपलब्ध गराउँदा नगरपालिकाका गतिविधिहरूलाई प्रसारण गर्ने कार्यमा गरेको योगदानको आधारमा मूल्यांकन गरिनेछ ।

(६) मिडियाहरूलाई सूचीकृत गरिनेछ। सूचीकृत मिडिया मध्येबाटै सहायता उपलब्ध गराइनेछ ।

अनुसूची ५
(दफा १३ सँग सम्बन्धित)
उत्पादनमूलक सेवामूलक सीप विकास तालिम

क) ३ महिने अवधिको सीपमूलक तालिम पूरा गरेमा प्रतिव्यक्ति रु ३०,०००।-

ख) १ महिने अवधिको सीपमूलक तालिम पूरा गरेमा प्रतिव्यक्ति रु १५,०००।-

ग) २ हप्ते अवधिको सीपमूलक तालिम पूरा गरेमा प्रतिव्यक्ति रु ८,०००।-

घ) १ हप्ते अवधिको सीपमूलक तालिम पूरा गरेमा प्रतिव्यक्ति रु ५,०००।-

अनुसूची ६
(दफा १४ सँग सम्बन्धित)
खेलकूद आयोजना र सहभागितामा सहायता अधिकतम दर

१. खेलकूद आयोजना तथा सहभागिताको सहायताको अधिकतम दर देहाय बमोजिम हुनेछ :

(क) फुटबल र क्रिकेट खेल आयोजना गर्न

(१) रा.खे.प.बाट राष्ट्रियस्तरको खेलको मान्यता प्राप्त खेल	रु ७,००,०००।-
(२) प्रदेशस्तरको मान्यता प्राप्त खेल	रु ४,००,०००।-
(३) नगरस्तरको खेल	रु २,००,०००।-
(४) वडास्तरको खेल	रु १,००,०००।-

(ख) उपर्युक्त (क) बमोजिमका खेलमा सहभागी हुन

(१) राखेपबाट मान्यता प्राप्त राष्ट्रियस्तरको खेलमा सहभागिता प्रति टिम	रु ५०,०००।-
(२) प्रदेशस्तरको खेलमा सहभागिता प्रति टिम	रु ५०,०००।-
(३) नगरस्तरको खेलमा सहभागिता प्रति टिम	रु २५,०००।-
(४) वडास्तरको खेलमा सहभागिता प्रति टिम	रु १०,०००।-

ग) फुटसल, भलिबल, बास्केटबल, ब्याडमिन्टन, कराते तथा इन्डोर प्रकारका खेलहरू आयोजना गर्न

(१) रा.खे.प.बाट राष्ट्रियस्तरको खेलको मान्यता प्राप्त खेल आयोजना गर्न	रु २,००,०००।-
(२) प्रदेशस्तरको खेलकूद आयोजना गर्न	रु १,००,०००।-
(३) नगरस्तरको खेलकूद आयोजना गर्न	रु १,००,०००।-
(४) वडास्तरको खेलकूद आयोजना गर्न	रु ५०,०००।-

घ) रा.खे.प.बाट छनौट भई अन्तर्राष्ट्रिय खेलमा सहभागी हुन जाने प्रति खेलाडी

(१) सार्क राष्ट्र र चीन रु २५,०००।-

(२) अन्य राष्ट्र रु ३५,०००।-

(३) राष्ट्रिय र प्रदेशस्तरको खेलकूदमा सहभागी हुन प्रति खेलाडी रु ५,०००।-

(४) टिम सहभागिता बापतको रकम लिएमा व्यक्तिगत सहायता लिन पाउने छैन ।

ङ) छिमेकी नगरपालिका वा जिल्लाहरूलाई आमन्त्रण गरिएका खेललाई नगरस्तरीय खेलको आधारमा सहायता दिन सकिनेछ ।

२. खेलकूद आयोजना तथा सहभागिताको अनुदान माग गर्ने प्रकृया देहायबमोजिम हुनेछ :

(क) सम्बन्धित कार्य समितिले चन्द्रागिरि नगरपालिकासँग आर्थिक सहयोग लिई कार्यक्रम सञ्चालन गर्ने भनी गरेको निर्णय ।

(ख) राष्ट्रिय तथा प्रदेशस्तरीय कार्यक्रमको हकमा मुख्य आयोजकले दिएको स्वीकृति पत्र ।

(ग) नगर/वडा स्तरीय आयोजनाको हकमा सम्बन्धित वडाबाट खेलकूद कार्यक्रम सञ्चालन गर्न उपयुक्त र आवश्यक छ भनी गरेको सिफारिस पत्र ।

(घ) संस्था दर्ता भएको प्रमाण पत्र र नवीकरणको प्रतिलिपी ।

(ङ) विधानको प्रतिलिपी ।

(च) खेलकूद सञ्चालन समय तालिकासहित विस्तृत विवरण ।

(छ) सहभागी खेलाडी चन्द्रागिरिवासी भएको प्रमाण (नागरिकताको प्रमाणपत्र) ।

अनुसूची ७
(दफा १६ सँग सम्बन्धित)
कार्यक्रमको प्रस्ताव र निवेदनको ढाँचा

परियोजना प्रस्ताव

१) संस्थाको नाम :

२) संस्था दर्ता नं. र मिति :

३) नवीकरण मिति :

४) संस्था दर्ता भएको कार्यालय :

५) संस्थाको कार्यक्षेत्र :

६) संस्थाको कार्यालय रहेको स्थान :

७) संस्थाका सदस्य संख्या :

८) कार्यक्रमको शीर्षक :

९) कार्यक्रम स्थल :

१०) लक्षित वर्ग :

११) लक्षित संख्या :

१२) कार्यक्रमको लागत :

(क) लागत अनुमान :

(ख) संस्था आफैले ब्यहोर्ने रकम र प्रतिशत :

(ग) नगरपालिकाबाट अपेक्षा गरिएको रकम र प्रतिशत :

(घ) अन्य निकायबाट पाउने सहयोग रकम र प्रतिशत :

१३) प्राविधिक सहयोग आवश्यक पर्ने/नपर्ने :

१४) संयुक्त लगानीमा सञ्चालन हुने भए सो सम्बन्धी विवरण :

१५) लगानी व्यहोर्ने श्रोत :

१६) अनुभव :

(क) यसअघि यस्तै खालका कार्यक्रम सञ्चालन भए नभएको :

(ख) सञ्चालन गरेको भएमा अन्य संस्थासँग सहयोग लिए/नलिएको :

(ग) सहयोग लिएको भएमा लिएका संस्थाहरू :

(घ) हाल उक्त कार्यको अवस्था :

१७) अन्य विवरणहरू :

संस्थाका पदाधिकारीहरूको नामावली :

अध्यक्ष :

उपाध्यक्ष :

सचिव :

सह सचिव :

कोषाध्यक्ष :

सदस्यहरू :

माथि लेखिएको विवरण ठीक साँचो हो भनी सहीछाप गर्ने :

निवेदन पेश गर्ने संस्थाको तर्फबाट

दस्तखत : ....

नामथर : ....

पद : अध्यक्ष

संस्था..................................

मिति : ....

अनुसूची ८
(दफा १६ सँग सम्बन्धित)
सम्झौताको ढाँचा

चन्द्रागिरि नगरपालिका र .... संस्था बीच .... कार्यक्रम गर्ने बारेको सम्झौता पत्र

चन्द्रागिरि नगरपालिकाको कार्यालय (जसलाई यसपछि प्रथम पक्ष भनी संवोधन गरिनेछ) र श्री .... संस्था (जसलाई यसपछि द्वितीय पक्ष भनी संवोधन गरिनेछ) का बीच चन्द्रागिरि नगरपालिकाको (निर्देशक समितिको) मिति .... को निर्णय अनुसार .... स्थानमा .... कार्यक्रम कार्यान्वयन गर्नका लागि प्रथम पक्षले रु................. रकम उपलब्ध गराउने र दोश्रो पक्षले कार्यान्वयन गर्ने गरी तपसिलबमोजिमका शर्तबन्देज तथा दायित्वको अधिनमा रही गर्न सम्झौता पत्रमा स्वतन्त्र मन्जुरीका साथ सहीछाप गरी १/१ प्रति बुझी लियौं-दियौं ।

शर्तबन्देज तथा दायित्वहरू

(१) प्रथम पक्षले उपलब्ध गराउने कार्यक्रमको सम्झौता अनुदान रकम रु ....हुनेछ, दोस्रो पक्षले रु .... बराबरको दायित्व बहन गर्नेछ।

(२) दोश्रो पक्षले कार्यक्रम .... मिति र समयभित्र सम्पन्न गरी सक्नु पर्नेछ । सम्पादन गरिने कार्य गुणस्तरीय हुनुपर्नेछ ।

(३) प्रथम पक्षले कार्य सम्पादनको प्रगतिका आधारमा किस्ता रकम द्वितीय पक्षलाई सोधभर्ना उपलब्ध गराउनेछ ।

(४) प्रथम पक्षको तर्फबाट खटाइएका कर्मचारीले सम्पादित कार्यको समय समयमा अनुगमन तथा मूल्यांकन गर्नुपर्नेछ । सोको प्रतिवेदन प्राप्त भएपछि थप किस्ताहरू भुक्तानीको लागि प्रक्रिया अगाडि बढाइनेछ । अन्तिम किस्ता रकम कार्य सम्पन्न नगरी भुक्तानी गरिनेछैन । कार्य सम्पन्न भएको सात दिनभित्र कार्य सम्पन्न भएको प्रतिवेदन दुई प्रति पेश भए पश्चात् मात्र अन्तिम किस्ता रकम भुक्तानी दिईनेछ ।

(५) यस सम्झौता बमोजिम द्वितीय पक्षले काम शुरु नगरेमा वा काम शुरु गरी बीचमा छोडेमा वा कबुलियत बमोजिम काम नगरेमा प्रथम पक्षले सम्झौता भंग गर्न सक्नेछ । यसरी सम्झौता भंग गरिएकोमा द्वितीय पक्षले कुनै रकम लिइसकेको भएमा सरकारी बाँकी सरह जुनसुकै तवरबाट असूलउपर गरी नियमानुसार आवश्यक कारवाही गरिनेछ ।

(६) यो सम्झौता कार्यान्वयन गर्दा कुनै विवाद उत्पन्न भएमा आपसी सहमतिबाट विवाद टुङ्गो लगाइनेछ । सहमतिबाट विवाद टुङ्ग्याउन नसकेमा प्रचलित नेपाल कानुनबमोजिम हुनेछ ।

(७) यस सम्झौतामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरीद ऐन, २०६३, चन्द्रागिरि नगरपालिकाबाट जारी भएका स्थानीय कानुनहरू तथा प्रचलित नेपाल कानुनबमोजिम हुनेछ ।

(८) कार्यक्रम कार्यान्वयनको कार्यतालिका प्रथम पक्षलाई दोश्रो पक्षले उपलब्ध गराउनुपर्नेछ ।

(९) यस सम्झौतामा भएका विषय बाहेकका विषयमा दुबै पक्षको मन्जुरीमा थप गर्न सकिनेछ ।

प्रथम पक्षको तर्फबाट	**द्वितीय पक्षको तर्फबाट**
दस्तखत :	दस्तखत : ....
नामथर :	नामथर : ....
पद :	पद : अध्यक्ष
चन्द्रागिरि नगरपालिकाको कार्यालय	संस्था................................
साक्षी	**साक्षी**
दस्तखत :	दस्तखत : ....
नामथर :	नामथर : ....
पद :	पद : सचिव
कार्यालय :	संस्था : ....

मिति : सम्वत २०..... साल .... महिना ..... गते रोज ..... शुभम् ।

अनुसूची ९
(दफा २० सँग सम्बन्धित)
अनुगमन प्रतिवेदन फारम

१) कार्यक्रमको नाम :

२) कार्यक्रम सञ्चालन स्थान :

३) संस्थाको अध्यक्ष (वा विवरण उपलब्ध गराउने पदाधिकारी) :

४) कार्यक्रम शुरु मिति :
कार्यक्रम सम्पन्न मिति :

५) कार्यक्रमको प्रकृति : क. चेतनामूलक ख. क्षमता अभिवृद्धि ग. सीप विकास

६) कार्यक्रमको लागत सम्बन्धी विवरण

कूल लागत रु :

कार्यालयबाट उपलब्ध हुने रकम रु :

कार्यान्वयन गर्ने संस्थाको लागत सहभागिता रु :

अन्य निकायबाट प्राप्त सहयोग रु :

लाभग्राहीको सहभागिता रु :

७) जम्मा लाभग्राही संख्या :

महिला	पुरुष	जम्मा	दलित	जनजाति	ब्राह्मण क्षेत्री	मधेशी	मुस्लिम अल्पसंख्यक	अपांगता

८) लाभग्राहीहरूको नियमित उपस्थिति भएको/नभएको :

९) कार्यक्रम कार्यान्वयनमा गरिएका सम्झौताका शर्तको पालना भएको/नभएको :

१०) कार्यक्रमको खाका (लाभग्राही, कार्यान्वयन तरिका, समय र लागत) मा परिवर्तन भए/नभएको :

परिवर्तन भएको भए सोको औचित्य र स्वीकृतिको अवस्था :

११) कार्यक्रमबाट अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने अवस्था :

१२) कार्यक्रममा तोकिएबमोजिमको लागत सहभागिता भएको/नभएको :

१३) कार्यक्रमको समग्र उपलब्धिको अवस्था र दिगोपना :

१४) लाभग्राही/नागरिकको धारणा वा प्रतिकृया :

१५) कार्यान्वयन गर्ने निकाय/संस्थाको आधिकारिक प्रतिनिधिको धारणा र प्रतिबद्धता :

१६) वडा समितिको प्रतिकृया (सिफारिस) :

१७) अनुगमनकर्ताको टिप्पणी, सुझाव र निर्देशन :

अनुगमन गर्ने पदाधिकारीहरू :

क.सं.	नामथर	पद	दस्तखत

मिति :

अनुसूची १०
(दफा १५ र १९ सँग सम्बन्धित)
सूची दर्ता
उपभोक्ता, सामुदायिक र गैरसरकारी संघ-संस्थाहरूलाई
सूचीदर्ता सूचना आह्वान (ढाँचा)

आर्थिक वर्ष .... मा चन्द्रागिरि नगरपालिका क्षेत्रभित्र कार्य गर्न इच्छुक उपभोक्ता समिति, संघ, संस्था, संगठन, क्लब, अध्ययन केन्द्र, मण्डल, परिषद लगायत गैर नाफामूलक गैरसरकारी संघ-संस्थाहरूले नगरपालिकाको मौजुदा सूचीमा सूचीकृत हुन तपसिल बमोजिमका कागजातहरू संलग्न राखी १५ दिनभित्र रीतपूर्वकको आवेदन चन्द्रागिरि नगरपालिकाको .... शाखामा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र दर्ता हुन नआएका आवेदनहरूलाई सूचीमा समावेश गरिनेछैन ।

तपसिल

१. निवेदनको सक्कल प्रति ।
२. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि नवीकरणसहित ।
३. प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि नवीकरणसहित ।
४. संस्थाको विधानको प्रतिलिपि ।
५. लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि ।
६. संस्थाको संचालक समितिको बैठकको निर्णय प्रतिलिपि ।
७. वडाले कार्यक्रम उपयुक्त छ भनी गरेको सिफारिसको सक्कलै पत्र ।
८. अघिल्लो वर्षमा (यदि लिएको भए) प्राप्त गरेको सहयोग रकम र सोबाट भएको उपलब्धी, खर्चको विवरण सम्बन्धित पदाधिकारीले प्रमाणित गरी पेश गर्नु पर्ने ।
९. गत आ.व.मा चन्द्रागिरि नगरपालिकामा मौजुदा सूचीमा सूचीकृत भएको भए सोको प्रतिलिपि ।
१०. सञ्चालन गरिने बार्षिक वा पटके कार्यक्रमको विवरण ।
११. संस्थाको गतवर्षको आय-व्यय विवरण ।
१२. संस्थाको सञ्चालक समिति सदस्यहरूको विवरण ।
१३. नगरपालिकामा दर्ता नभएको संस्थाको हकमा रु १०००।- शुल्क बुझाएर मात्र सूची दर्ताका लागि निवेदन दिन सकिनेछ ।

अनुसूची ११
(दफा १५ र १९ सँग सम्बन्धित)
सूची मूल्यांकनका आधारहरू

क) पेशागत र प्राविधिक योग्यता :

(१) विगत ३ वर्षको अवधिमा कार्यानुभव सहितको कागजात २०

(२) विगत २ वर्षको अवधिमा कार्यानुभव सहितको कागजात १२

(३) विगत १ वर्षको अवधिमा कार्यानुभव सहितको कागजात ८

ख) विगतको कार्य सम्पादन अनुभव :

(१) कार्य सम्पादन वर्ष अंक भार : वार्षिक २ अंकले ५ वर्षको १०

ग) माग गरे अनुसारको कागज सम्बन्धी :

(१) सम्पूर्ण कागजातहरू पेश गरी पूर्णरुपमा पेश भएको १०

(२) पेश नगरेको ०

घ) स्रोत र अवस्था :

(१) रु २ लाखदेखि रु ३ लाखसम्म वैंक मौज्दात/कार्य पूँजी २०

(२) रु १ लाखदेखि रु २ लाखसम्म वैंक मौज्दात/कार्य पूँजी १६

(३) रु ५० हजारदेखि रु १ लाखसम्म वैंक मौज्दात १२

(४) रु ३० हजारदेखि रु ५० हजारसम्म वैंक मौज्दात ८

ङ) कानूनी सक्षमता :

(१) कानूनी रुपमा आवश्यक सबै कागजात भएको र कुनै कानूनी सजाय नपाएको १०

(२) कारवाही भएको/कालो सूचीमा भएको ०

च) सेवाको उपलब्धता :

(१) आफैले गर्ने १०

(२) सहकार्य, साझेदारीबाट गर्ने ८

प्रमाणीकरण: २०७८/०३/३१ गते

आज्ञाले

मूल्य रू. १५/-

निरज पौडेल

प्रमुख प्रशासकीय अधिकृत